**बेलकोटगढी नगरपालिका**

नगरपालिकाको कार्यालय

बाघखोर,नुवाकोट

# वालुवाको लिलाम बढाबढ सम्बन्धी

बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशन मिति :-२०७६।८।२०

यस नगरपालिका अन्तर्गतका विभिन्न स्थानहरुमा अनधिकृत रुपमा जम्मा गरी नगरपालिकाले जफत गरेको वालुवा ( न्यूनतम मूल्य **रु.११६५०००.००।-(एघार लाख पैसठ्ठी हजार मात्र)** कायम गरी प्याकेज वाइज बोलपत्रको माध्यमबाट लिलाम बढाबढ गरी लिलाम विक्री गरिने भएकोले इच्छुक व्यक्ति वा फर्महरुले सूचना प्रकाशित भएको मितिले २१ औं दिनको (मिति २०७६।९।१० गते) कार्यालय समय भित्र बोलपत्र फारम खरिद गरी यो सूचना प्रकाशित मितिले २२ औं दिनको (मिति २०७६।९।११ गते) १२:०० बजेभित्र यस कार्यालयको खरिद ईकाइ कोठा नम्बर ५ मा दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। दर्ता हुन आएका बोलपत्रहरु २२ औं दिन (मिति २०७६।९।११ गते) दिनको २:०० बजे खोलिने छ । साथै बोलपत्र सम्वन्धी विस्तृत सूचना यस नगरपालिकाको वेवसाइट www.belkotgadhimun.gov.np र सूचना पाटीमा हेर्न सकिनेछ ।

# वालुवाको लिलाम बढाबढ सम्बन्धी बोलपत्र फाराम

## बोलपत्र आव्हानको सूचना

(पत्रिकामा प्रथम पटक प्रकाशित मितिः २०७६।८।२०

यस नगरपालिका अन्तर्गतको विभिन्न स्थानहरुमा अनधिकृत रुपमा जम्मा भै नगरपालिकाले जफत गरेको वालुवा जे जस्तो अवस्थामा छन् सोही अवस्थामा निम्नानुसारको प्याकेजमा बोलपत्रको माध्यमबाट बढाबढ गरी लिलाम विक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरुले निम्न लिखित सर्तको अधिनमा रही निम्न लिखित प्याकेज हरुको अलग अलग सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. निम्नानुसारको प्याकेजमा प्याकेज वाइज अलग अलग बोलपत्र दाखिला गर्नु पर्ने :

| प्याकेज नं. | वालुवा रहेको एवं निरीक्षण गरिएको स्थान | वडा नं | परिमाण (घन मिटर) | परिमाण (घन फिट) | अनुमानित टिप (८ घन मि. क्षमताको टिपर) | तोकिएको न्यूनतम दर (प्रति टिप) | जम्मा संकलन हुने न्यूनतम रकम | धरौटी विडवन्ड रकम (१०% ले हुन आउने) |
|---|---|---|---|---|---|---|---|---|
| ७/२०७६/७७ | चाउथे दोभान | २ | १७६२.५० | ६२१८१ | २३५ | 1000.00 | २३५००० | २३५०० |
| ८/२०७६/७७ | कार्तिके बगर | 3 | १५०० | ५२९२० | २०० | 1000.00 | २००००० | २०००० |
| ९/२०७६/७७ | नयाबस्ती पुछार बगर | 3 | १३५० | ४७६२८ | १८० | 1000.00 | १८०००० | १८००० |
| १०/२०७६/७७ | ठुली बगर | 3 | ४१२५ | १४५५३० | ५५० | 1000.00 | ५५०००० | ५५००० |
| | जम्मा परिमाण = | | ८७३७.५० | ३०८२५९ | जम्मा रकम रु. | | ११६५००० | ११६५०० |

२. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय सम्म यस कार्यालयको खरिद ईकाइ बाट रु १०००।- (एक हजार फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ । अन्तिम दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेपछि दिनको कार्यालय समय सम्म खरिद गर्न सकिनेछ ।

३. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले २२ औं दिन(मिति २०७६।९।११) दिनको १२.०० बजे भित्र खरिद शाखामा दर्ता गराईसक्नु पर्नेछ । सो दिन विदा परेमा कार्यालय खुलेको दिनको १२.०० बजे भित्र दर्ता गराई सक्नुपर्नेछ । बोलपत्र फाराम सिलबन्दी गरी खामको बाहिर बोलपत्रदाताको नाम, ठेगाना खुलाई **“बेलकोटगढी नगरपालिका,नगरकार्यपालिको कार्यालय लिलाम सम्बन्धी बोलपत्र, २०७६”** उल्लेख भएको हुनुपर्नेछ ।

४. पर्न आएका सिलबन्दी बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले २२ औं दिन(मिति २०७६।९।११गते) दिनको २.०० बजे कार्यालयको खरिद इकाइ मा उपस्थित व्यक्ति/फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर व्यक्ति वा फर्मको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त बोलपत्र खोल्ने दिन विदा परेमा त्यसपछिको कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ । बोलपत्र स्वीकृत भएको मितिले १५ (पन्ध्र) दिन भित्र स्वीकृत बोलपत्रदाताले सामान उठाईसकेको हुनुपर्ने छ ।

५. सिलवन्दी बोलपत्र साथ आफुले कबोल गरेको अङ्कको १० (दश) प्रतिशतले हुन आउने बोलपत्र जमानत बापतको रकम **बेलकोटगढी नगरपालिका,नगरकार्यपालिकाको नेपाल बैक लिमिटेड ,त्रशुली शाखाको** धरौटी खातामा ०२६०३००००००००३०००१६ मा नगद जम्मा गरेको बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले १२० दिन म्याद भएको वाणिज्य बैंक द्धारा यस कार्यालयको नाममा जारी भएको सोही रकम बराबरको बैंक ग्यारेण्टि (बिडबोण्ड) पेश गर्नु पर्ने छ ।

६. बोलपत्र पेश गर्ने इच्छुक रजिष्टर्ड फर्म/कम्पनीले मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०७५।७६ सम्मको करचुक्ता पत्रको प्रमाणित प्रतिलिपि, सार्बजनिक खरिद बिक्री सम्बन्धी कार्यमा अयोग्य नभएको स्वघोषणा र इच्छुक व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र पान नं.बोलपत्र फारमसाथ संलग्न राख्नु पर्नेछ ।

७. सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा आर्थिक कार्यबिधि नियमावली, २०६४ एवं कार्यपालिकाको निर्णय अनुसारको रीत नपुगी आएको सिलवन्दी बोलपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।

८. सिलवन्दी बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

९. माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

**१०.बालुवाको प्याकेज वाइज कुल न्युनतम कायम मूल्य वा सो रकम देखि माथि मात्र कबोल अंक लेख्न सकिने छ । वालुवा संकलन एवं निकासी कर लिदा भ्याट को रकम समेत संकलन गरी संभौता भैसकेको कारण यो बिक्रिमा भ्याट रकम संकलन गरिने छैन ।**

११.यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा वा उल्लेखित बालुवा सम्बन्धी बुझ्नु परेमा उल्लेखित वडा वा नगरपाकिाको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१२. यो सूचना कार्यालयको सुचना पाटी, वेभसाइट www.belkotgadhimun.gov.np मा समेत हेर्न सकिनेछ ।